# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३

नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**भूमि समस्या समाधान समिति**

ताहाचल, काठमाडौं

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३

भूमि सम्बन्धी (संशोधन सहित) ऐन, २०२१ को दफा ६१क. को अधिकार प्रयोग गरी मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा :

(क) "अव्यवस्थित बसोबासी" भन्नाले ऐनको दफा ५२ग. को स्पष्टीकरण खण्डमा उल्लेख भएबमोजिम सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समय देखि आवाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका ऐनको दफा ५२ग. को उपदफा (३) को आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले निज प्रति आश्रित परिवारका सदस्य समेतलाई सम्झनु पर्छ ।

*स्पष्टीकरणः* लामो समयदेखि भन्नाले २०६६ माघ २८ भन्दा अघिदेखिको भोगलाई बुझ्नु पर्नेछ।

(ख) "भूमिहीन सुकुम्बासी" भन्नाले ऐनको दफा ५२ख. को स्पष्टीकरण खण्डमा उल्लेख भए बमोजिम नेपाल राज्य भित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले निज प्रति आश्रित परिवारका सदस्य समेतलाई सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले "भूमि सम्बन्धी (एक्काईसौं संशोधन) नियमहरु, २०२१ को नियम ४१क १ बमोजिमको भूमि समस्या समाधान समिति सम्झनुपर्छ।

(घ) "ऐन" भन्नाले भूमि सम्वन्धी (संशोधन सहित) ऐन, २०२१ सम्झनु पर्छ ।

(ङ) "जिल्ला समिति भन्नाले "भूमि सम्बन्धी (एक्काईसौं संशोधन) नियमहरु, २०२१ को नियम ४१क ६ बमोजिमको जिल्ला भूमि समस्या समाधान समिति सम्झनु पर्छ ।

(च) "नियमहरु" भन्नाले भूमि सम्बन्धी (एक्काईसौं संशोधन)नियमहरु, २०२१ सम्झनु पर्छ।

(छ) "नापनक्सा" भन्नाले नापीका लागि नियन्त्रण बिन्दु स्थापना गर्ने, जग्गाको नाप गरी जग्गाको तथ्यांक संकलन गर्ने, जग्गाको नक्सा तयार गर्ने, क्षेत्रफल एकिन गर्ने र नापी क्षेत्रिय किताब (फिल्डबुक) तयार गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(झ) "लगत संकलन सम्बन्धी कार्यविधि" भन्नाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ सम्झनु पर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

(ट) "स्थानीय कार्यपालिका" भन्नाले गाउँकार्यपालिका वा नगरकार्यपालिका भन्ने सम्झनु पर्छ।

**३. जिल्ला समितिले जग्गा दर्ताको निर्णय गर्नु पूर्व प्राप्त गर्नु पर्ने विवरण तथा कागजातहरुः**

(१) जिल्ला समितिबाट लाभग्राहीको अन्तिम प्रमाणीकरण भएको नामावली विवरण,

(२) स्थानीय तहले लाभग्राहीलाई उपलब्ध गराउन चाहेको जग्गाको चारकिल्ला बमोजिम जिल्ला समितिबाट टोली खटन पटनको साथै नाप नक्सा गराउने निर्णय,

(३) जिल्ला समितिले लाभग्राहीलाई जग्गा उपलब्ध गराउन स्थानीय तहसँग देहाय बमोजिमका कागजात माग गर्नु पर्नेछ,

(क) भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउने नियम ४१ख. बमोजिम क्षेत्रफलको जग्गा अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताब गरिएको विवरण

(ख) अव्यवस्थित बसोबासीको व्यवस्थापन गरिने नियम ४१ग. बमोजिम क्षेत्रफलको जग्गा अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताब गरी पठाएको विवरण,

(ग) खण्ड (क) र (ख) बमोजिम उपलब्ध गराइने जग्गा भन्दा बढी हुन गइ बाँकी रहेको जग्गा र सोसँग जोडिएको सरकारी जग्गालाई सम्भव भएसम्म एक आपसमा मिलान (merge) गरी एउटै सरकारी कित्ता कायम गरी नक्सा र database अद्यावधिक गरी तयार गरिएको अनुसूची ३ बमोजिमको विवरण,

(घ) जग्गा आवाद कमोत नगरेका र वितरण गर्न नमिल्ने जग्गामा बसोबास वा आवाद कमोत गरेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुको विवरण तथा निजहरुलाई उपलब्ध गराउन सकिने जग्गाको विवरण स्थानीय तहबाट (वडा समिति मार्फत भएको सिफारिसको आधारमा) गरिएको सिफारिस ।

(४) जिल्ला समितिले नापी टोलीबाट देहाय बमोजिमका कागजात प्राप्त गर्नु पर्नेछ :

(क) नापी टोलीबाट तयार भएका कित्ता नापी नक्सा,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ को अनुसूची ९ बमोजिम नापी टोलीबाट तयार भएका कित्ताहरुको विवरण (प्रारम्भिक तेरीज),

(ख) लगत संकलन सम्बन्धी कार्यविधिको अनुसूची ११ अनुसारको प्रतिवेदन marking गरिएका भूउपग्रह चित्र/drone चित्र/LIDAR चित्र, टोटल स्टेसन प्रयोग गर्दाको कित्ताको स्केच, साविकको नापी नक्सा वा डिजिटल डाटा,

(५) नाप नक्सा गर्ने सम्बन्धमाः

(क) साविक नापीमा नाप नक्सा भई नापी क्षेत्रीय किताब र जग्गाधनी दर्ता श्रेष्तामा नेपाल सरकार कायम रहेको छ भने सोही नक्साको आधारमा हालको लाभग्राहीको भोग बमोजिम तोकिएको हदसम्मको जग्गा कित्ताकाट गरी नक्सा कायम गर्नु पर्नेछ।

(ख) साविकमा नाप नक्सा भए तापनि नेपाल सरकारको नाममा जग्गाधनी दर्ता श्रेष्ता कायम हुन बाँकि रहेको वा अभिलेखमा नदेखिएमा समितिको निर्णय बमोजिम त्यस्तो जग्गा नेपाल सरकारको नाममा दर्ता गर्न भूमि प्रशासन कार्यालयमा पठाउनु पर्नेछ।

(ग) साविकमा नाप नक्सा नभएको जग्गाको हकमा मालपोत ऐन, २०३४ को दफा ७(१) बमोजिम नापी विभागको सहमति लिई नेपाल सरकारको नाममा नाप नक्सा गरी दर्ता श्रेष्ता कायम गर्नु पर्नेछ।

(घ) साविकमा वन क्षेत्र रहेको तर २०६६ माघ २८ अगावै बसोबास वा आवाद कमोत भएको जग्गा र वन क्षेत्रसँग जोडिएको जग्गा नाप नक्सा गर्नु पर्दा डिभिजन वन कार्यालय अधिकृत प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ। यसरी नाप नक्सा भई तयार भएको फिल्डबुकको कैफियत महलमा रोहवरवालाको सहीछाप गराउनु पर्छ।

(ङ) माथि (घ) बमोजिम तयार भएको फिल्डबुक अनुसारको जग्गा नेपाल सरकारको नाममा दर्ता गर्न भूमि प्रशासन कार्यालयमा लेखी पठाउनु पर्नेछ।

*पुनष्चः भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबसीको नाममा जग्गा दर्ता गर्ने निर्णय गर्नु पूर्व त्यस्तो जग्गा नेपाल सरकारको नाममा दर्ता श्रेष्ता कायम भएको हुनु पर्नेछ।*

**४. हकदाबीको सूचना र जग्गा दर्ता निर्णयः**

(१) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन दफा ३ बमोजिम तयार गरिएको विवरणको आधारमा परिवार मूलीको नाम थर, जग्गा रहेको स्थानीय तह, वडा नं, नक्सा नं, कित्ता नं, क्षेत्रफल र चार किल्ला समेत उल्लेख गरी दाबी विरोध तथा उजुर गर्नका लागि अनुसूची ४ को ढाँचामा ७ (सात) दिनको म्याद दिई जिल्ला समितिले सूचना प्रकाशन गर्नु पर्नेछ। उक्त सूचना जिल्ला समितिले सम्वन्धित वडा र स्थानीय तहको सूचना पाटी र वेभसाईटमा समेत प्रकाशन गर्नको लागि पठाउनु पर्नेछ। स्थानीय तहले सूचना प्राप्त हुनासाथ सरोकारवालाहरुको जानकारीका लागि आफ्नो सूचना पाटीमा समेत टाँस गरी जिल्ला समितिलाई जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) अनुसार सार्वजनिक भएको सूचनाको सम्बन्धमा कुनै उजुर भए ७ (सात) दिन भित्र जिल्ला समितिमा लिखित उजुरी दिनु पर्नेछ ।

(३) उपदफा (२) अनुसार उजुरी परेमा ७ दिन भित्र छानबिन गरी निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (३) अनुसार कुनै उजुर नपरेकाको हकमा तोकिएको म्याद समाप्त भए पश्चात भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको परिवारलाई उपलब्ध गराउने जग्गाको विवरण तयार गरी जिल्ला समितिले स्वीकृत गरी जग्गा दर्ता गर्ने निर्णय गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउने जग्गाको स्वीकृत विवरण र जग्गा दर्ताको निर्णयको लिखित जानकारी समितिलाई गराउनु पर्नेछ र समितिको सूचना प्रणालीमा सदस्य सचिवले स्वीकृत भएका लाभग्राहीको निवेदनलाई रूजू गर्नु पर्नेछ।

**५. भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको नाममा जग्गा दर्ता गर्ने सम्बन्धमाः**

(१) दफा ४ को उपदफा ४ बमोजिम जग्गा दर्ताको निर्णय पश्चात जिल्ला समितिले नापी नक्सा अद्यावधिक गरी जग्गा प्राप्त गर्ने भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुको विवरण उल्लेख गरी अनुसूची ५ को ढाँचामा नापी क्षेत्रिय किताब (फिल्डबुक) तयार गर्नु पर्नेछ । नापी क्षेत्रिय किताब (फिल्डबुक) को कैफियत महलमा जग्गाको प्रयोजन समेत जनाउनु पर्नेछ ।

(२) जिल्ला समितिले दफा ४ को उपदफा (४) वमोजिम जग्गा दर्ता गर्ने निर्णय गरेपश्चात भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा दर्ताको लागि ७ (सात) दिनभित्र उपस्थित हुन अनुसूची–६ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ र जिल्ला समितिले आवश्यकता अनुसार पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशन भए पश्चात जग्गा दर्ता गर्न आउने लाभग्राहीलाई नापी क्षेत्रिय किताब (फिल्डबुक) मा सहीछाप गराई निस्साको पीठमा स्थानीय तहको नाम, वडा नं, सीट नं., कित्ता नं. र क्षेत्रफल खुलाई जिल्ला समितिले तोकेको कर्मचारीले प्रमाणित गरी फिर्ता दिनु पर्नेछ।

**६. अव्यवस्थित बसोबासीको नाममा जग्गा दर्ता गर्ने सम्बन्धमाः**

(१) दफा ४ बमोजिम अव्यवस्थित बसोबासीको नाममा जग्गा दर्ता गर्ने निर्णय पश्चात जिल्ला समितिले अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन प्रस्ताव गरिएको जग्गाको दस्तुर निर्धारण भूमि सम्बन्धी (संशोधन सहित) नियमहरु, २०२१ को नियम ४१च. बमोजिम छुट्टाछुट्टै गर्नु पर्नेछ ।

(क) भूमि सम्बन्धी (संशोधन सहित) नियमहरू, २०२१ को नियम ४१घ१ बमोजिम अव्यवस्थित बसोबासीको अनुसूची २२क मा उल्लेखित आधार र मापदण्ड अनुसार वर्गीकरण गर्नु पर्नेछ।

(ख) माथि दफा ६ उपदफा १(क) बमोजिमका अव्यवस्थित बसोबासीको वर्गीकरणको आधारमा उपलब्ध गराउने जग्गाको दस्तुर भूमि सम्बन्धी (संशोधन सहित) नियमहरू, २०२१ को अनुसूची २३क बमोजिम निर्धारण गर्नु पर्नेछ।

(२) दफा ६ को उपदफा १ख बमोजिमको दस्तुर निर्धारण भए पश्चात जिल्ला समितिले निर्णय गरी अनुसूची ९ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (२) अनुसारको विवरण जिल्ला समितिले ७ (सात) दिनको म्याद दिई स्थानीय तहको वेवसाइटमा प्रकाशन गर्न पठाई आफ्नो सूचना पाटीमा समेत टाँस गर्नु

पर्नेछ। स्थानीय तहले सूचना प्राप्त हुनासाथ सरोकारवालाहरुको जानकारीका लागि आफ्नो सूचना पाटीमा समेत टाँस गरी जिल्ला समितिलाई जानकारी गराउनु पर्नेछ। उक्त सूचनाको संक्षिप्त व्यहोरा स्थानीय संचार माध्यमहरुबाट पनि सार्वजनिक गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिम सार्वजनिक भएको विवरणमा कुनै त्रुटि भएमा वा सो विवरणमा चित्त नबुझेमा अव्यवस्थित बसोबासीले विवरण सार्वजनिक भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित स्थानीय तहमार्फत जिल्ला समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै अव्यवस्थित बसोबासीले निवेदन दिएमा जिल्ला समितिले सम्बन्धित स्थानीय तहको सिफारिस समेतका आधारमा सोको जाँचबुझ गरी त्यस्तो निवेदन २१ (एकाइस) दिनभित्र फछ्र्यौट गर्नुपर्नेछ।

(६) लाभग्राहीको वर्गीकरण र दस्तुर निर्धारणमा कुनै त्रुटि देखिएमा जिल्ला समितिले आधार र कारण खुलाई त्रुटि सच्याउन सक्नेछ।

(७) जग्गा दर्ता गर्न आउँदा अव्यवस्थित बसोबासीले उपदफा १(क)(ख) बमोजिम जिल्ला समितिले निर्धारण गरेको दस्तुर वापतको रकम राजश्व संकेत नम्बर १४२१२ (सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम) कार्यालय कोड नम्बर ३३६००३५०३ भूमि समस्या समाधान समितिको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको खाता नम्बर १०००१००२०००१०००० मा दाखिला गरी सोको सक्कल भौचर जिल्ला समितिमा पेश गर्नु पर्नेछ ।

(८) उपदफा १(क)(ख) बमोजिमको दस्तुर आर्थिक रुपले विपन्न भएको कारणले एकमुष्ट बुझाउन नसक्ने कारण खोली जिल्ला समिति समक्ष निवेदन दिएमा र सो निवेदन उपर छानबिन गर्दा निवेदनमा उल्लेखित कारण विश्वसनीय देखिएमा जिल्ला समितिले त्यस्तो अव्यवस्थित बसोबासीले तीन वर्ष भित्र दस्तुर चुक्ता गर्ने कबोल गराई किस्ता तोक्न सक्नेछ र सोको व्यहोरा जग्गा धनी दर्ता श्रेष्ता र प्रमाण पूर्जामा समेत जनाउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको दस्तुर चुक्ता नगरेसम्म जिल्ला समितिले अव्यवस्थित बसोबासीको नाममा तयार भएको जग्गाधनी दर्ता श्रेस्ता बमोजिमको जग्गा रोक्का राख्न भूमि प्रशासन कार्यालयलाई लेखी पठाउनु पर्नेछ । उक्त पत्रमा राजश्व वापतको तोकिएको रकम, बुझाएको किस्ता रकम, बुझाउन बाँकि रहेको किस्ता रकम र बुझाउनु पर्ने समयाबधि समेत खुलाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकि किस्ता रकम चुक्ता गरेका बखत भूमि प्रशासन कार्यालयले रोक्का जग्गा फुकुवा गरी जग्गाधनी प्रमाण पूर्जा जारी गर्नेछ।

(१०) दफा ४ को उपदफा (४) बमोजिम जग्गा दर्ता गर्ने निर्णय पश्चात जिल्ला समितिले जग्गा प्राप्त गर्ने अव्यवस्थित बसोबासीहरुको विवरण उल्लेख गरी जग्गा दर्ता गर्न आउने सम्बन्धी सूचना अनुसूची १० बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ।

(११) उपदफा (१०) अनुसारको विवरण सार्वजनिक भएको जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, भूमि प्रशासन कार्यालयहरु, नापी कार्यालयहरु, डिभिजन वन कार्यालयहरु र स्थानीय तहलाई समेत दिनु पर्नेछ। साथै सो सूचनाको संक्षिप्त व्यहोरा स्थानीय सञ्चार माध्यमहरुबाट समेत सार्वजनिक गर्न सकिनेछ।

(१२) जग्गा दर्ता गर्ने निर्णय पश्चात जिल्ला समितिले जग्गा प्राप्त गर्ने अव्यवस्थित बसोबासीहरुको विवरण उल्लेख गरी अनुसूची ५ को ढाँचामा नापी क्षेत्रिय किताब (फिल्डबुक) तयार गर्नु पर्नेछ।

(१३) उपदफा (१०) बमोजिमको सूचना प्रकाशन भए पश्चात जग्गा दर्ता गर्न आउने अव्यवस्थित बसोबासी दफा ७ बमोजिम निर्धारण गरिएको वित्तीय संस्थामा दस्तुर असुल गरेका प्रमाण (बैंक भौचर) समेत संलग्न गराई नापी क्षेत्रिय किताब (फिल्डबुक) मा जग्गाधनीको सहीछाप गराई जग्गा दर्ता गर्नु पर्नेछ । जग्गाधनीको सहीछाप भएपछि निवेदन दर्ता तथा नाप नक्साको निस्साको पीठमा जग्गा रहेको स्थानीय तहको नाम, वडा नं., नक्सा सिट नं., कित्ता नं., र क्षेत्रफल खुलाई जिल्ला समितिले तोकेको कर्मचारीले प्रमाणित गरी फिर्ता दिनु पर्नेछ।

## ७. जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाण-पूर्जा

(१) दफा ५ को उपदफा (३) र दफा ६ को उपदफा (१३) बमोजिम दर्ता भइसकेका जग्गाहरुको अनुसूची ७ बमोजिम जग्गाधनी दर्ता श्रेस्ता र अनुसूची ८ बमोजिम जग्गाधनी दर्ता प्रमाण-पूर्जा जिल्ला समितिले तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएका श्रेस्ता र पूर्जा तयार गर्ने र रुजु गर्नेले हस्ताक्षर गरी प्रमाणित गर्नका लागि जिल्ला समितिका अध्यक्ष र सदस्यसचिव समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रमाणित गरिएका जग्गाधनी दर्ता प्रमाण पूर्जाबारे जिल्ला समितिले भूमि समस्या समाधान समितिलाई पूर्ण विवरण सहित लिखित जानकारी गराउनु पर्नेछ। तत्पश्चात अनुसूची ११ बमोजिमको कार्यहरू पुरा भएको यकिन भएमा मात्र जिल्ला

समितिले सम्बन्धित जग्गाधनीलाई जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउनु पर्नेछ र सोकोविवरण सूचना प्रणालीमा अध्यावधिक गर्नु पर्नेछ।

(४) कुनै कारणवश तयार भएको डिजिटल प्रणालीबाट दर्ता श्रेस्ता/पूर्जा तयार हुन नसकेमा हस्तलिखित दर्ता श्रेस्ता/पूर्जा तयार गर्न सकिनेछ ।

**८. नक्सा तथा श्रेष्ता हस्तान्तरणः**

जिल्ला समितिबाट तयार गरिएका नक्सा (फिल्डबुक) र प्लट रजिष्टर जिल्ला समितिका अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी सम्बन्धित नापी कार्यालयमा र सोसँग सम्बन्धित जग्गाधनी, दर्ता श्रेस्ता, मिसिल तथा निर्णय पुस्तिका सम्बन्धित भूमि प्रशासन कार्यालयमा पठाउनु पर्नेछ । यसका लागि जिल्ला समितिले निर्णय गर्दा सम्बन्धित भूमि प्रशासन कार्यालयको कार्यक्षेत्र भित्रका निर्णयहरु गर्दा छुट्टाछुट्टै निर्णय पुस्तिका तयार गर्नु पर्नेछ ।

**९. साविकमा नाप नक्सा भईसकेको जग्गा सम्बन्धमा :**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा साविकमा नापी भएको जग्गा भए विद्यमान फिल्डबुक तथा प्लट रजिष्टरका आधारमा कित्ता कायम गरी जिल्ला समितिबाट जग्गा दर्ता गर्ने निर्णयबमोजिम नापी नक्सा, प्लट रजिष्टर, जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गर्नु पर्नेछ ।

**१०. श्रेस्ता अद्यावधिक सम्बन्धमा :**

(१) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गाधनी दर्ता प्रमाण पूर्जा सहित भूमि प्रशासन कार्यालयमा जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरेको मितिले ३० दिन भित्रमा उपस्थित भई आफ्नो जग्गाको विवरण भू सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ । त् अद्यावधिक गरेको मितिले १० (दश) वर्षसम्म बिक्री वितरण गर्न नपाउने समयवधि लागू हुनेछ।

(२) भूमि प्रशासन कार्यालयमा प्राप्त श्रेस्ता तथा पूर्जामा भूमि प्रशासन अधिकृतले अद्यावधिक गरिएको कैफियत व्यहोरा प्रमाणित गर्नु पर्नेछ।

**११. प्रगति प्रतिवेदन :** जिल्ला समितिले अनुसूची १२ को ढाँचामा आयोगमा नियमित रुपमा प्रगति प्रतिवेदन पठाउनुपर्नेछ ।

**१२. प्रचलित कानुनबमोजिम हुनेः**

(१) यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानूनबमोजिम हुनेछ ।

**१३. खारेजी र बचाऊः**

(१) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०८१ खारेज गरिएको छ।

(२) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०८१ बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**१४. बाधा अड्काउ फुकाउने अधिकारः**

यो कार्यविधि कार्यान्वयनका क्रममा अस्पष्टता वा द्विविधा भई बाधा अड्काउ परेमा आवश्यकता अनुसार समितिको सिफारिसमा मन्त्रालयले निर्णय गरी फुकाउन सक्नेछ ।

## अनुसूची - १

## (दफा ३ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

### (भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउने जग्गाको प्रस्तावित विवरण)

स्थानीय तहको नाम :                                                                मिति :

वडा नं. :

जग्गा रहेको स्थानीय तहको क्षेत्र (सहरी/सहरीबाहेक) :

भौगोलिक क्षेत्र (तराई तथा भित्री मधेश/हिमाल तथा पहाड) :

| क्र.सं | परिवारमूलीको नाम, थर | नक्सा नं. | कित्ता कोड | भोगचलन गरेको क्षेत्रफल | प्रयोजन | उपलब्ध गराउन सकिने जग्गाको अधिकतम क्षेत्रफल (व.मि) | उपलब्ध गराउने कित्ता (पूरै वा मध्य) | उपलब्ध गराउने जम्मा क्षेत्रफल (व.मि) | कित्ता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**तयार गर्ने :**                                                                **रुजू गर्ने :**

## अनुसूची - २

### (दफा ३ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)

### (अव्यवस्थित बसोबासीका लागि उपलब्ध गराउने जग्गाको प्रस्तावित विवरण)

स्थानीय तहः ............................ मितिः.......................

| क्र.सं | परिवारमूलीको नाम, थर | जग्गा रहेको स्थानीय तह | वडा नं. | नक्सा नं. | कित्ता कोड | क्षेत्रफल | जग्गा रहेको स्थानीय तहको क्षेत्र | प्रयोजन | दिन प्रस्ताव भएको क्षेत्रफल | पूरै वा मध्ये | जग्गाको न्यूनतम मूल्यांकन निर्धारण भए/नभएका | उपलब्ध गराउने प्रस्तावित जम्मा क्षेत्रफल ९ब.मि.) | कित्ता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

भौगोलिक क्षेत्र (तराई तथा भित्री मधेश/हिमाल तथा पहाड :

तयार गर्ने : रुजु गर्ने :

## अनुसूची - ३
### (दफा ३ को उपदफा (३) को खण्ड (ग) सँग सम्बन्धित)

### (प्रस्तावित स्वामित्वसम्बन्धी विवरण)

**स्थानीय तहको नाम :**

| क्र.सं. | बसोबास वा आबाद कमोत गर्ने | कित्ता कोड | क्षेत्रफल | वडा नं. | नक्सा नं. | कित्ता नं | क्षेत्रफल | जोडिएको बाटोको प्रकार | नापी भएको मिति | प्रस्तावित स्वामित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्ने अमिनको नाम, थर : चेक गर्ने टोली प्रमुख/सर्भेक्षकको नाम, थर :

दस्तखत : दस्तखतः

प्रमाणित गर्ने वडा अध्यक्षको नामः दस्तखत :

द्रष्टब्यः जोडिएको बाटोको प्रकार भन्नाले बाटो नभएको वा गोरेटो बाटो वा कच्ची मोटर बाटो वा ग्राबेल मोटर बाटो वा पक्की सडक(६ मिटरसम्म) वा पक्की सडक ६ मि. देखि ८ मि. सम्म) पक्की सडक ८ मि. भन्दा बढी वा राजमार्गमध्ये एक ।

अनुसूची - ४

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

मिति..........................

हकदाबी गर्ने सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

प्रस्तुत विषयमा......................न.पा./गा.पा.बाट प्राप्त सिफारिस सहितको विवरण र तथ्याङ्क समेतको आधारमा जिल्ला समिति...............ले देहायबमोजिका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई देहायबमोजिमका जग्गा उपलब्ध गराउने तयारी गरेकाले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धमा कसैको कुनै हकदाबी वा दाबी विरोध भए वा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ ख. को उपदफा (४) र भूमि सम्बन्धी नियमहरु (संशोधन सहित), २०२१ को नियम ४१ ख. को उपनियम (४) मा उल्लिखित जग्गा भए वा सरकारद्वारा गठित कुनै आयोग, कार्यदल वा समितिबाट उपलब्ध गराइएको जग्गा भए सोको प्रमाणसहित जिल्ला समितिको कार्यालयमा ७ (सात) दिनभित्र लिखित निवेदन गर्नुहुन्न यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र निवेदन पर्न नआएमा यसैबमोजिम जग्गा उपलब्ध गराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| **सि.नं.** | **परिवारमूलीको नाम,थर ना.प्र.नं.** | **स्थानीय तह** | **वडा नं.** | **साविक नक्सा नं. /कित्ता नं** | **हालको नक्सा नं. /कित्ता नं.** | **क्षेत्रफल (ब.मि.)** | **प्रयोजन** | **चारकिल्ला (कित्ता नं.)** | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | **पूर्व** | **पश्चिम** | **उत्तर** | **दक्षिण** | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

मिति :

सदस्य सचिव :

## अनुसूची - ५

## (दफा ५ को उपदफा (१) र दफा ६ को उपदफा (१२) सँग सम्बन्धित)

भूमि समस्या समाधान समिति

नापी क्षेत्रीय किताब (फिल्डबुक)

प्रदेश :　　　　　जिल्ला :　　　　　गाउँपालिका/नगरपालिका :

वडा नं.:　　　　　नक्सा नं.:　　　　　मिति :

| कित्ता नं. | जग्गावालको | | | मोहीको | | | विरह (घर, बगैंचा, पोखरी आदि) | किसिम | | क्षेत्रफल | चौहद्दी | | | | नापी भए को मिति | प्रमाण संकेत | दर्ता गर्नेको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम, थर, वतन, बाबु र बाजेको नाम | व्यहोरा | सही छाप | नाम, थर, वतन, बाबु र बाजेको नाम | व्यहोरा | सही छाप | | कृषि क्षेत्र | व्यवसायिक तथा बासोबास क्षेत्र | | पू | प | उ | द | | | | |
| | | | | | | | | | | | | | | | | | | |

वडा अध्यक्षको नम........................　　हस्ताक्षर....................　　अमिनको नाम................... हस्ताक्षर..................

सर्भेक्षकको नाम..............................　　हस्ताक्षर...................　　टोली प्रमुखको नाम..............हस्ताक्षर..................

अनुसूची - ६

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

भूमि समस्या समाधान समिति

जिल्ला समिति..................

**भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा दर्ता गर्न आउने बारेको सूचना ।**

भूमि समस्या समाधान समिति जिल्ला समिति.........को मिति.........को निर्णय अनुसार देहाय बमोजिमका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने भएकाले देहाय बमोजिमको कागजात सहित यस सूचनाको मितिले १५ (पन्ध्र) दिनभित्र जग्गा दर्ता गर्नका लागि जिल्ला समितिको कार्यालयमा परिवारमूली र निजको पति वा पत्नी उपस्थित हुन सूचित गरिन्छ ।

<u>तपसिल</u> :

| क्र.सं. | परिवारमूलीको नाम,थर | ना.प्र.प.नं.,जारी मिति र जिल्ला | विवरण गरिने जग्गाको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | न.पा./गा.पा. | वडा नं. | नक्सा नं. | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) | |
| | | | | | | | | |
| | | | | | | | | |

आवश्यक कागजात

१. परिवारमूली र निजको पति/पत्नीको सक्कल नागरिता ।

२. निवेदन दर्ता तथा नक्साको निस्सा ।

३. परिवारमूली र निजको पति/पत्नीको २/२ प्रति पासपोर्ट साइजको हालसालै खिचेको फोटो ।

अनुसूची-७

जग्गाधनी दर्ता श्रेष्ता

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि समस्या समाधान समिति

जिल्ला समिति ...................

जग्गाधनी दर्ता श्रेस्ता **जग्गाधनी श्रेस्ता नं. :**

| हालसालै खिचेको जग्गाधनीको फोटो | औंठा छाप | |
|---|---|---|
| | | |

जग्गाधनीको नाम, थरः .......... जन्म मितिः ...................

वतन : प्रदेश ........... जिल्ला ........... गा.पा./न./पा. .................. वडा नं........

ना.प्र. नं./जिल्ला/जारी मितिः ........................

बाबुको/पतिको नाम,थर..................

बाजेको/ससुराको नाम, थर .............

जग्गाधनीको दस्तखतः

| हालसालै खिचेको जग्गाधनीको फोटो | औंठा छाप | |
|---|---|---|
| | | |

जग्गाधनीको नाम, थरः .......................................

वतन : प्रदेश ........... जिल्ला ........... गा.पा./न./पा. .................. वडा नं........

ना.प्र. नं./जिल्ला/जारी मितिः ........................

बाबुको/पतिको नाम, थर..................

बाजेको/ससुराको नाम, थर .............

जग्गाधनीको दस्तखतः

| जिल्ला | नगरपालिका/ गाउँ पालिका | वडा नं. | नक्सा/ सीट न | कित्ता नं | विरह (घर, आवादी, पोखरी, पर्ति, आदी) | जग्गाधनीको हक हिस्सा | मोहीको नाम, थर वतन र बाबु बाजेको नाम | किसिम | | जग्गाको क्षेत्रफल हेक्टर (व.मी) | प्रमाण संकेत | कैफियत | प्रमाणित गर्नेको दस्तखत र मिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कृषि क्षेत्र | व्यवसायिक तथा बसोवास क्षेत्र | | | | सदस्य सचिव | अध्यक्ष |
| | | | | | | | | | | | | | | |

आयोग/समितिबाट उपलब्ध गराइएको जग्गाको अंशबंडा र अपुतालीको अवस्थामा बाहेक अन्य कुनै प्रक्रियाबाट दश वर्षसम्म कुनै पनि व्यक्तिलाई हक हस्तान्तरण गर्न पाइने छैन र सो अवधी पश्चात समेत स्वामित्व बिहिन हुने गरी त्यस्तो जग्गा कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाइने छैन । कृषि प्रयोजनको लागि उपलब्ध गराईएको जग्गाको प्रचलित कानून बमोजिम बाहेक भूउपयोग परिर्वतन गर्न पाइने छैन ।

प्रिन्ट/तयार मिति : रुजु गर्नेको दस्तखत : प्रमाणित गर्नेको दस्तखतः

अनुसूची ८

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि समस्या समाधान समिति

जिल्ला समिति ...................

**जग्गाधनी संकेत नं. :**

**जग्गाधनी दर्ता प्रमाण-पूर्जा** **जग्गाधनी पूर्जा नं. :**

हालसालै खिचेको जग्गाधनीको फोटो

| औंठा छाप | |
|---|---|
| | |

जग्गाधनीको नाम, थरः .......... जन्म मितिः ...................

वतन : प्रदेश ........... जिल्ला ........... गा.पा./न./पा. .................. वडा नं........

ना.प्र. नं./जिल्ला/जारी मितिः ........................

बाबुको/पतिको नाम,थर...................

बाजेको/ससुराको नाम, थर ..............

हालसालै खिचेको जग्गाधनीको फोटो

| औंठा छाप | |
|---|---|
| | |

जग्गाधनीको नाम, थरः .......................................

वतन : प्रदेश ........... जिल्ला ........... गा.पा./न./पा. .................. वडा नं........

ना.प्र. नं./जिल्ला/जारी मितिः ........................

बाबुको/पतिको नाम, थर...................

बाजेको/ससुराको नाम, थर ..............

| जिल्ला | नगरपालिका/ गाउँ पालिका | वडा नं. | नक्सा/ सीट नं | कित्ता नं | मोठ नं. पाना नं. | विरह (घर, आवादी, पोखरी, पर्ति, आदी) | जग्गाधनीको हक हिस्सा | मोहीको नाम, थर वतन र बाबु बाजेको नाम | किसिम | | जग्गाको क्षेत्रफल हेक्टर (व.मी) | प्रमाण संकेत | कैफियत | प्रमाणित गर्नेको दस्तखत र मिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | कृषि क्षेत्र | व्यवसायिक तथा बसोवास क्षेत्र | | | | सदस्य सचिव | अध्यक्ष |
| | | | | | | | | | | | | | | | |

आयोग/समितिबाट उपलब्ध गराइएको जग्गाको अंशबंडा र अपुतालीको अवस्थामा बाहेक अन्य कुनै प्रक्रियाबाट दश वर्षसम्म कुनै पनि व्यक्तिलाई हक हस्तान्तरण गर्न पाइने छैन र सो अवधी पश्चात समेत स्वामित्व बिहिन हुने गरी त्यस्तो जग्गा कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाइने छैन । कृषि प्रयोजनको लागि उपलब्ध गराईएको जग्गाको प्रचलित कानून बमोजिम बाहेक भूउपयोग परिर्वतन गर्न पाइने छैन ।

तयार/प्रिन्ट गर्नेको दस्तखत :                    रुजु गर्नेको दस्तखत :                    प्रमाणित गर्नेको दस्तखतः

## अनुसूची- ९
## (दफा ६ को उपदफा (२) सँग सम्बन्धित)
## भूमि समस्या समाधान समिति
## जिल्ला समिति..........

**अव्यवस्थित बसोबासीको जग्गाको वर्गीकरण र राजश्व सम्बन्धी विवरण** मिति :

| क्र. सं. | परिवारमूलीको नाम, थर | स्थानीय तह/वडा | नक्सा नं/ कित्ता नं | मापदण्डको आधारको अंकभार | समूह | दस्तूर निर्धारणको अंकभार | उपलब्ध गराइने जग्गाको क्षेत्रफल (ब.मी.) | | जग्गाको क्षेत्रफल अनुसारको अंकभार | जग्गाको न्यूनतम मूल्यांकन अनुसारको अंकभार | बाटोको पहुँच अनुसारको अंकभार | जग्गा रहेको स्थान अनुसारको अंकभार | राजश्व दस्तूर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आवास | कृषि | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

तयार/प्रिन्ट गर्ने : रुजु गर्ने : सदस्य सचिव :

**अनुसूची-१०**

**(दफा ६ को उपदफा (१०) सँग सम्बन्धित)**

**भूमि समस्या समाधान समिति**

**जिल्ला समिति............**

**मिति :**

**अव्यवस्थित बसोबासीहरुलाई जग्गा दर्ता गर्न आउने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा देहायबमोजिमको अव्यवस्थित बसोबासीहरुको वर्गीकरण भई लाग्ने राजस्व समेत यकिन भएकोले भूमि समस्या समाधान समिति, जिल्ला समिति.......को मिति.......को निर्णयले निजहरुलाई जग्गा उपलब्ध गराइने भएकोले यस सूचनाको मितिले १५ (प्रन्ध्र) दिनभित्र तोकिएको राजस्व रकम..................................बैंक खातामा जम्मा गरी देहायबमोजिमको कागजात लिई जग्गा दर्ताका लागि जिल्ला समितिको कार्यालयमा परिवारमूली उपस्थित हुन सूचित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | परिवारमूलीको नाम, थर | ना.प्र. प.नं.,जारी मिति र जिल्ला | वितरण गरिने जग्गाको विवरण | | | | | राजश्व दस्तूर रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | न.पा./गा.पा. | वडा नं. | नक्सा नं. | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) | |
| | | | | | | | | |
| | | | | | | | | |

आवश्यक कागजात :

१. परिवारमूली र निजको पति/पत्नीको सक्कल नागरिकता

२. निवेदन दर्ताको निस्सा

३. परिवारमूली र निजको पति /पत्नीको २/२ प्रति पासपोर्ट साइजको हालसालै खिचेको फोटो

४. राजश्व बुझाएको २ प्रति बैंक भौचर

अनुसूची ११

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**नेपाल सरकार**

**भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**भूमि समस्या समाधान समिति**

जग्गाधनी प्रमाण पूर्जा वितरण गर्न पुर्व पुरा हुनुपर्ने कार्यहरू

**पालिकाः................................ वडा नं. ......... टोल/बस्ती ...................**

| क्र.सं. | कार्य विवरण | भए/नभएको |
|---|---|---|
| | | |
| १ | स्थानिय तहको क्षेत्र निर्धारण | |
| २ | स्थानिय तह र जिल्ला समितिबाट भएको प्रमाणिकरण | |
| ३ | नक्सा प्रमाणित | |
| ४ | फिल्डबुक प्रमाणित | |
| ५ | क्षेत्रफल निर्धारण | |
| ६ | जग्गा दर्ता गर्ने निर्णय | |
| ७ | श्रेष्ता र पूर्जा प्रमाणित | |
| ८ | लाभग्राहीको वर्गीकरणको सूचना प्रकाशन | |
| ९ | राजश्व निर्धारण सूचना प्रकाशन | |

| | | |
|---|---|---|
| १० | भरपाई किताब | |
| ११ | प्लट रजिष्टर | |
| १२ | सरकारी निकायले भोग गरेको जग्गाको श्रेष्ता | |
| १३ | सार्वजनिक जग्गाको श्रेष्ता र पूर्जा | |
| १४ | **सूचना प्रणालीमा रूजु** | |
| १५ | **वितरण हुने स्थानीय तहको रीत नपुगेको निवेदन अस्वीकृत** | |
| १६ | **कित्तागत विवरणको तेरिज** | |
| १७ | **फिल्ड मुचुल्का** | |
| १८ | **नियन्त्रण विन्दु विवरण** | |
| १९ | **नक्साको अवस्था** | |
| २० | **अन्य** | |
| | | |
| | | |

अनुसूची–१२

(दफा ११ सँग सम्बन्धित)

भूमि समस्या समाधान समिति

जिल्ला समिति.............

(मासिक प्रगति प्रतिवेदन)

.......साल.......महिना

| विवरण | गत महिनासम्मको | यस महिनाको | जम्मा | कैफियत |
|---|---|---|---|---|
| **(१)** नाप नक्सासम्बन्धी | | | | |
| (क) नाम नक्सा भएको जम्मा क्षेत्रफल | | | | |
| (ख) नाप नक्सा भएको जम्मा कित्ता संख्या | | | | |
| (ग) डाटाबेस निर्माण भएको जम्मा कित्ता संख्या | | | | |
| (घ) नाप नक्सा भएको भूमिहिन दलित परिवार संख्या | | | | |
| (ङ) नाप नक्सा भएको भूमिहिन सुकुम्बासी परिवार संख्या | | | | |
| (च) नाप नक्सा भएको अव्यवस्थित बसोबासी परिवार संख्या | | | | |
| **(२)** भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासी सम्बन्धी | | | | |
| (क) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको प्रमाणीकरण भई विवरण प्राप्त भएका स्थानीय तहको संख्या | | | | |

| | | | | |
|---|---|---|---|---|
| (ख) नाप नक्साको विवरण(नक्सा, फिल्ड बुक, डाटाबेस) प्राप्त भएका स्थानीय तहको संख्या | | | | |
| (ग) जिल्ला समितिबाट हकदाबीका लागि सूचना प्रकाशन भएका भूमिहीन दलित र भूमिहीन सुकुम्बासी संख्या | | | | |
| (घ) जिल्ला समितिबाट जग्गा दर्ता गर्ने निर्णय वा सिफारिस भएका भूमिहीन दलित र भूमिहीन सुकुम्बासी | | | | |
| (ङ) जग्गासम्बन्धी दर्ता प्रमाण—पुर्जा वितरण भई जग्गाधनी दर्ता श्रेस्ता हस्तान्तरण भएका भूमिहीन दलित र भूमिहीन सुकुम्बासी संख्या | | | | |
| **(३)** अव्यवस्थित बसोबासीसम्बन्धी | | | | |
| (क) अव्यवस्थित बसोबासीको प्रमाणीकरण भई विवरण प्राप्त भएका स्थानीय तहको संख्या | | | | |
| (ख) नाप नक्साको विवरण (नक्सा, फिल्डबुक, डाटाबेस) प्राप्त भएका स्थानीय तहको संख्या | | | | |
| (ग) जिल्ला समितिबाट हकदाबीका लागि सूचना प्रकाशन भएका अव्यवस्थित बसोबासी संख्या | | | | |
| (घ) जिल्ला समितिबाट जग्गा दर्ता गर्ने निर्णय भएका अव्यवस्थित बासोबासी संख्या | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| (ङ) जग्गाधनी  दर्ता प्रमाण–पुर्जा वितरण भई श्रेस्ता हस्तान्तरण भएका अव्यवस्थित बसोबासी संख्या | | | | |
| (४) अव्यवस्थित बसोबासीलाई उपलब्ध गराइएको क्षेत्रफल | | | | |
| (५) अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराए बापत असुल भएको राजस्व | | | | |